# स्थानीय राजपत्र

## लेकवेशी नगरपालिकाद्वारा प्रकाशित

खण्ड:५) लेकवेशी नगरपालिका, कल्याण, सुर्खेत, असार २९ गते, २०७८ साल संख्या: ३

## भाग - १

### लेकवेशी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### कल्याण, सुर्खेत

नेपालको संविधान बमोजिम लेकवेशी नगरपालिकाको नवौं नगर सभाले तल लेखिए बमोजिमको ऐन बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

# लेकवेशी नगरपालिकाको शिक्षा ऐन, २०७८

(संवत् २०७८ सालको ऐन नं. २)

*स्वीकृत मिति : २०७८।०३।२७*
*प्रमाणीकरण भएको मिति : २०७८।०३।२९*
*स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७८।०३।२९*

**प्रस्तावना :**

**प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवद्धर्न गरी संघीय लोकतन्त्रको संस्थागत विकास, सुखी नेपाली र समृद्ध नेपाल निर्माणका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित, प्रतिस्पर्धी जनशक्ति तयार गर्न लेकवेशी नगरपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका आधारभूत तथा माध्यमिक विद्यालयहरूको व्यवस्थापन सुधार गर्दै गुणस्तरीय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी लेकवेशी नगरपालिकाको ९औं नगर सभाले यो ऐन बनाएको छ ।**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "लेकवेशी नगरपालिका शिक्षा ऐन २०७८" रहेको छ ।

(२) यो ऐन लेकवेशी नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो ऐन लेकवेशी नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) 'ऐन' भन्नाले लेकवेशी नगरपालिका शिक्षा ऐन सम्झनुपर्छ ।

(ख) 'संघीय शिक्षा ऐन' भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐन सम्झनुपर्छ ।

(ग) 'प्रदेश शिक्षा ऐन' भन्नाले कर्णाली प्रदेशको सभाले बनाएको शिक्षा ऐन सम्झनुपर्छ ।

(घ) 'नगरपालिका' भन्नाले नेपालको संविधानबमोजिम स्थापना भएको लेकवेशी नगरपालिकालाई सम्झनु पर्छ ।

(ङ) 'कार्यपालिका' भन्नाले लेकवेशी नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(च) 'विद्यालय शिक्षा' भन्नाले आधारभूत शिक्षा र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(छ) 'प्रारम्भिक बाल शिक्षा' भन्नाले चारवर्ष उमेर पुरा भई पाँचवर्ष उमेर पुरा नगरेका बालबालिकाको लागि दिइने प्रारम्भिक बाल शिक्षालाई सम्झनुपर्छ ।

(ज) 'आधाभूत शिक्षा' भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(झ) 'माध्यमिक शिक्षा'भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ञ) 'विशेष शिक्षा' भन्नाले दृष्टिविहिन, बहिरा, अटिजम, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकाहरूलाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ ।

(ट) 'समावेशी शिक्षा' भन्नाले देहायको शिक्षा सम्झनुपर्छ :

(१) दृष्टिविहिन, न्युन दृष्टियुक्त, बहिरा, सुस्तश्रवण, अटिजम, बौद्धिक, शारिरीक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा सम्झनुपर्छ ।

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडी परेका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(ठ) 'प्राविधिक तथा व्यावसायिक शिक्षा' भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तु सिकाईको व्यवस्था गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षालाई सम्झनुपर्छ ।

(ड) 'विद्यालय शिक्षा' भन्नाले सामुदायिक तथा संस्थागत विद्यालय सम्झनुपर्छ ।

(ढ) 'सामुदायिक विद्यालय' भन्नाले सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ण) 'संस्थागत विद्यालय' भन्नाले सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनुपर्छ ।

(त) 'प्रारम्भिक बाल विकास केन्द्र' भन्नाले खण्ड (छ) बमोजिमको शिक्षा दिन खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द,नर्सरी, किन्डरगार्डन र मन्टेश्वरी शिक्षा लगायतलाई सम्झनुपर्छ ।

(थ) 'आधारभूत विद्यालय' भन्नाले खण्ड (ज) बमोजिम शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

(द) 'माध्यमिक विद्यालय' भन्नाले खण्ड (ज) र (झ) वा खण्ड (झ) बमोजिमको विद्यालय सम्झनुपर्छ ।

(ध) 'धार्मिक विद्यालय' भन्नाले परम्परागत रुपमा चलिआएका गुम्वा, गुरुकुल आश्रम, मदरशा जस्ता धार्मिक विद्यालय सम्झनुपर्छ ।

(न) 'आवासीय विद्यालय' भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रुपमा अनुमति वा स्वीकृत प्राप्त गरेको विद्यालय सम्झनुपर्छ ।

(प) 'मन्त्रालय' भन्नाले नेपाल सरकारको शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(फ) 'प्रदेश मन्त्रालय' भन्नाले कर्णाली प्रदेशको शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(ब) 'शिक्षक सेवा आयोग' भन्नाले संघीय शिक्ष ऐन बमोजिम गठन भएको शिक्षक तथा कर्मचारीहरूको स्थायी नियुक्ति लागि सिफारिस गर्ने आयोग सम्झनुपर्छ ।

भ) 'पाठ्क्रम विकास केन्द्र' भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको पाठयक्रम निर्माणको लागि जिम्मेवार निकाय सम्झनु पर्छ ।

(म) 'विद्यालय शिक्षक किताबखाना' भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको विद्यालय शिक्षक किताब खाना सम्झनुपर्छ ।

(य) 'प्रमुख' भन्नाले लेकवेशी नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(र) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले लेकवेशी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ल) 'नगर शिक्षा अधिकृत' भन्नाले लेकवेशी नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

(व) 'शिक्षा युवा तथा खेलकुद शाखा' भन्नाले लेकवेशी नगरपालिलका शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

(श) 'निरीक्षक' भन्नाले विद्यालयको निरीक्षण एव सुपरीवेक्षण गर्न तोकिएको शाखा अधिकृत वा शिक्षा अधिकृत कर्मचारीलाई सम्झनुपर्छ ।

(ष) 'प्रधानाध्यापक' भन्नाले विद्यालयको प्राज्ञिक एव प्रशासनिक प्रमुखको रुपमा नियमानुसार नियुक्ति भएको विद्यालयको प्रधानाध्यापकलाई सम्झनुपर्छ ।

(स) शिक्षक भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

(ह) 'स्वयंसेवक शिक्षक' भन्नाले लेकवेशी नगरपालिकाको स्वयंसेवक छनौट तथा व्यवस्थापन कार्यविधि अनुसार नियुक्त भएका एवं हुने स्वयंसेवक शिक्षक सम्झनुपर्छ ।

(क्ष) 'अभिभावक' भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनि विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रयोजनका लागि विद्यार्थीको बावु वा आमा वा बावु तर्फको बाजे वा बज्यैलाई समेत जनाउँछ ।

(त्र) 'कर्मचारी' भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(ञ) 'माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा' भन्नाले माध्यमिक तहको अन्तमा हुने परीक्षा सम्झनुपर्छ ।

(ञ१) 'आधारभूत शिक्षा तह उत्तीर्ण परीक्षा' भन्नाले आधारभूत तहमा अन्तमा हुने परीक्षा सम्झनुपर्छ ।

(ञ२) 'अनुमति' भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृत वा सहायता प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतीलाई सम्झनुपर्छ ।

(ञ३) 'स्वीकृत' भन्नाले तोकिएको बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृती सम्झनुपर्छ ।

(ञ४) 'शैक्षिक गुठी' भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी शैक्षिक गुठी सम्झनुपर्छ ।

(ञ५) 'शैक्षिक सत्र' भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनुपर्छ ।

(ञ६) 'शिक्षा समिति' भन्नाले यसै ऐन बमोजिम गठन भएको नगर शिक्षा समिति सम्झनु पर्छ ।

(ञ७) 'परीक्षा समिति' भन्नाले आधारभूत तहको अन्त्यमा लिइने परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न गठित समितिलाई सम्झनुपर्छ ।

(ञ८) 'व्यवस्थापन समिति' भन्नाले यसै ऐन बमोजिम विद्यालयहरूमा गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ञ९) 'शुल्क' भन्नाले तोकिए बमोजिम विद्यालयले नियम अनुसार विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनुपर्छ ।

(ञ१०) 'संविधान' भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(ञ११) 'स्थानीय सरकार सञ्चालन ऐन' भन्नाले संघीय संसदले जारी गरेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनुपर्छ ।

(ज्ञ१२) 'सभा' भन्नाले लेकवेशी नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(ज्ञ१३) 'स्थानीय तह' भन्नाले नेपालको संविधान बमोजिम गठन भएका गाउँपालिका वा नगरपालिकालाई सम्झनुपर्छ ।

(ज्ञ१४) 'तोकिएको वा तोकिए बमोजिम' भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्डमा तोकिएको वा तोकिए बमोजिम हुनेछ ।

३. **विद्यालय खोल्न अनुमति लिनुपर्नेः** (१) लेकवेशी नगरपालिका बाहेकका अन्य कुनै नेपाली नागरिकले विद्यालय खोल्न, कक्षा थप गर्न र तह थप गर्न चाहेमा सम्बन्धित वडा शिक्षा समितिको सिफारिससहित तोकिएका ढाँचामा शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन दिनुपर्नेछ । त्यसरी निवेदन दिदा संस्थागत विद्यालय खोल्न चाहनेले सो विद्यालय शैक्षिक गुठी वा सहकारी कुन रुपमा सञ्चालन गर्ने हो सोको व्यहोरा समेत निवेदनमा उल्लेख गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा नगर शिक्षा अधिकृतले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्ने, गराउनेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा नगर शिक्षा समितिको निर्णय अनुसार तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई सञ्चालन रहेको विद्यालयले तोकिएको शर्तबन्देज पालना तथा पूरा गरेमा नगर कार्यपालिकाले सो विद्यालयलाई स्वीकृत प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालन रहेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न शिक्षा युवा तथा खेलकुद शाखा समक्ष निवेदन दिन सक्नेछन् ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम नगर शिक्षा समितिले विद्यालय सञ्चालन गर्न स्वीकृत दिन सक्नेछ ।

(६) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयहरू शैक्षिक गुठी वा सहकारीको रुपमा सञ्चालन गर्न अनुमति दिइने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालयहरू,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवन वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(७) शैक्षिक गुठी सम्बन्धी व्यवस्थाः

(क) शैक्षिक गुठीको रुपमा विद्यालय सञ्चालन गर्न चाहनेले शैक्षिक गुठी सम्बन्धी विधान बनाई नगरपालिकामा दर्ता गर्नुपर्नेछ ।

(ख) शैक्षिक गुठी निजी वा सार्वजनिक गरी दुई किसिमले दर्ता गर्न सकिनेछ ।

(ग) शैक्षिक गुठी तथा सहकारी अन्तर्गत विद्यालय सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) निजी श्रोतबाट प्रारम्भिक बाल शिक्षा केन्द्र खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था उपदफा (१) र (२) बमोजिम हुनेछ ।

(९) सामाजिक परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी गुरुकुल, मदरशा, गुम्वा समेतका विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको प्रक्रिया पूरा गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(१०) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी व्यवस्था उपदफा (१) र (२) बमोजिम नै हुनेछ ।

(११) यस ऐन प्रारम्भ हुनभन्दा अघि प्रचलित नेपाल कानुन बमोजिम स्थापना एवं नियमानुसार नगरपालिकाबाट नयाँ विद्यालय अनुमति, तह थप र कक्षा थप भई सञ्चालनमा रहेका विद्यालयहरू यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

४. **धरौटी राख्नुपर्नेः** (१) संस्थागत र गुठी विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको संरक्षण वापत देहाय बमोजिमको रकम धरौटीको रुपमा राख्नुपर्नेछ ।

(क) माध्यमिक विद्यालयको लागि पाँच लाख रुपैयाँ,
(ख) आधारभूत विद्यालयको लागि दुई लाख पचास हजार रुपैयाँ,
(ग) प्राथमिक विद्यालयको लागि एक लाख पचास हजार रुपैयाँ तर, विशेष आवश्यकता भएका विद्यार्थीका लागि वा सीमान्तकृत वा भौगोलिक विषमता भएका क्षेत्रमा यस्तो विद्यालय खोल्दा कार्यपालिकाले धरौटी छुट दिन सक्नेछ ।

५. **धरौटी रकम जम्मा गरिनेः** (१) विद्यालयले दफा ९ बमोजिमको धरौटी वापतको रकम विद्यालयको नाममा प्रधानाध्यापक र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुने धरौटी खाता खोली जम्मा गर्नुपर्नेछ ।

६. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा, खुला शिक्षा सञ्चालनसम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले आवश्यक पूर्वाधार विकास गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा सञ्चालनको लागि व्यवस्था गर्न सक्नेछ ।

(२) विशेष शिक्षा र समावेशी शिक्षा सम्बन्धी साधारण शिक्षा सरह हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष शिक्षातर्फ अध्ययनरत बालबालिकाहरूको लागि पाठ्यपुस्तक, पाठयक्रम, सिकाई सहजीकरण प्रक्रिया र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

(४) नगरपालिकाले आवश्यकतानुसार सामुदायिक सिकाई केन्द्र मार्फत साक्षरोत्तर एवं निरन्तर शिक्षा लगायतका अन्य अनौपचारिक शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

(५) तोकिएको पूर्वाधार पूरा गरेको पाइएमा नगरपालिकाले कुनै संस्थागत विद्यालयलाई यस दफामा उल्लेखित कार्यक्रमहरू आफ्नै स्रोतमा सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(६) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर तथा खुला शिक्षासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

७. **शिक्षाको प्रकारः** (१) विद्यालय शिक्षाको प्रकार देहाय बमोजिम हुनेछ ।

(क) आधारभूत शिक्षा : (१) साधारण शिक्षा
(२) परम्परागत धार्मिक शिक्षा

(ख) माध्यमिक शिक्षा: (१) साधारण शिक्षा
(२) परम्परागत धार्मिक शिक्षा
(३) प्राविधिक तथा व्यावसायिक शिक्षा

८. **शिक्षाको माध्यमः** (१) विद्यालय शिक्षाको माध्यम नेपाली भाषा वा अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

(क) आधारभूत तहको प्रारम्भिक बाल शिक्षादेखि कक्षा ५ सम्म विद्यार्थीको मातृ भाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैरनेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषा विषय अध्ययन

गर्न सक्नेछ र सोही सम्बन्धी व्यवस्था नगरपालिकाको समन्वयमा विद्यालयले मिलाउनु पर्नेछ ।

९. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** (१) विद्यालयले संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामाग्री लागू गर्नुपर्नेछ ।

(२) पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था संघीय कानुन तथा प्रदेश कानुनमा भए बमोजिम वा तोकिए बमोजिम हुनेछ ।

१०. **नगर शिक्षा समितिः** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका र स्थापना हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय लगायतका कार्य गर्नको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ ।

(क) प्रमुख लेकवेशी नगरपालिका - अध्यक्ष

(ख) उपप्रमुख लेकवेशी नगरपालिका - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) नगर कार्यपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिका संयोजक - सदस्य

(ङ) नगर कार्यपालिकाका सदस्यहरूमध्येबाट नगर कार्यपालिकाले मनोनयन गरेको एक जना महिलासहित दुई जना सदस्य - सदस्य

(च) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेका एक जना - सदस्य

(छ) स्थानीय समाजसेवी वा शिक्षाप्रेमीमध्येबाट नगर शिक्षा समितिबाट मनोनित एक जना - सदस्य

(ज) सामुदायिक विद्यालयहरूको प्रधानाध्यापकहरूमध्येबाट नगर शिक्षा समितिबाट मनोनित गरेका कम्तिमा एक जना महिला सहित दुइजना - सदस्य

(झ) संस्थागत विद्यालयहरूको प्रधानाध्यापकहरूमध्येबाट नगर कार्यपालिकाबाट मनोनित गरेका एक जना - सदस्य

(ञ) नेपाल शिक्षक महासंघ लेकवेशी नगरकार्यसमितिका अध्यक्ष वा प्रतिनिधि एक जना - सदस्य

(ट) नगर शिक्षा अधिकृत - सदस्य सचिव

(२) समितिमा मनोनित सदस्यहरूको पदावधि २(दुई) वर्षको हुनेछ । त्यस्ता सदस्यहरूले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा निजलाई मनोनित गर्ने निकायले जुनसुकै वखत पदबाट हटाउन सक्नेछ। तर यसरी हटाउनु अघि निजलाई आफनो सफाई पेश गर्ने मौकाबाट वन्चित गरिने छैन ।

(३) समितिले विषय विशेषज्ञ वा शिक्षकका पेशागत संस्था वा कुनै कर्मचारीलाई वैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार प्रचलित कानुन बमोजिम अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) बालबालिकाहरूलाई आधारभूत शिक्षासम्मको अध्ययन अनिवार्य रुपमा गराउन अभिभावकलाई जानकारी गराउने तथा त्यसका लागि प्रोत्साहन गर्ने ।

(ख) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिकाहरूलाई लगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्ग समेतको आधारमा विवरण बनाई अद्यावधिक गर्ने ।

(ग) विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अद्यावधिक गराइ राख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धित निकायमा सुझाव पठाउने ।

(घ) विद्यालय व्यवस्थापन समितिलाई स्थानीय स्रोत साधनको पहिचान र परिचालनमा सहयोग तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने ।

(ङ) गरिबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारको बालबालिकाहरूलाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने ।

(च) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको अनुगमन तथा सुपरीवेक्षण गरी प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने ।

(छ) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतनामूलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन गर्ने ।

(ज) विद्यालयको भौतिक स्थितिको अध्ययन गरी सुधारका लागि सहयोग गर्ने ।

(झ) विद्यालयमा स्वच्छ, शैक्षिक वातावरण तयार गर्न सुधारका लागि सहयोग गर्ने ।

(ञ) नगरपालिका क्षेत्रभित्र शिक्षित जनशक्तिको अभिलेख राखी त्यस्ता जनशक्तिलाई स्वयंसेवक भई विद्यालयमा अध्यापन गर्न प्रोत्साहन गर्ने ।

(ट) नगरभित्रका प्रधानाध्यापकहरूको मापदण्ड तथा योग्यता निर्धारण गर्ने ।

(ठ) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने ।

(ड) विद्यालय स्तरीय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालन गराउने र सोको लागि पुरस्कारको व्यवस्था गर्ने ।

(ढ) आफ्नो क्षेत्रभित्रका बालबालिकाहरूको विद्यालयमा पहुँच बढाउनको लागि आवश्यक व्यवस्था मिलाउने ।

(ण) विद्यालयहरूको विपद् जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्ययोजना तयार गर्ने ।

(त) आफनो क्षेत्रभित्र विशेष शिक्षा तथा समावेशी शिक्षा गुरुकुल शिक्षा, मदरसा, गुम्वाबाट प्रदान गरिने शिक्षा तथा अनौपचारिक एवम् निरन्तर शिक्षा सम्बन्धी योजना तर्जुमा गर्ने ।

(थ) विद्यालय शिक्षा सुधारका लागि नगर शिक्षा नीति तथा नगर शिक्षा योजना बनाई स्वीकृतिका लागि नगर सभामा पेश गर्ने।

(द) आफनो सेवा क्षेत्रभित्रका विद्यालय सञ्चालन अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने लगायतका कार्य गर्ने/गराउने ।

(ध) आफनो सेवा क्षेत्रभित्रका शिक्षक कर्मचारीहरूको विवरण अद्यावधिक गराउने, रिक्त दरबन्दीमा स्थायी नियुक्तिका लागि सिफारिस गर्न शिक्षक सेवा आयोगमा वा तोकिएको निकायमा विस्तृत विवरण सहितको माग पेश गर्ने ।

(न) कुनै शिक्षक वा कर्मचारीहरूलाई यस कार्यविधि बमोजिम विद्यालय व्यवस्थापन समितिले कारबाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि समितिको रायसहित प्रतिवेदन प्राप्त भएमा सो उपर कार्यबाही गर्ने/गराउने ।

(प) नगरपालिकाको शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गर्न लगाउने ।

(फ) विद्यालय नक्साङ्कन, समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्य गर्ने ।

(ब) शिक्षकको कार्यदक्षताको आधारमा पुरस्कारको व्यवस्था गर्ने ।

(भ) नगर शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

११. **नगर शिक्षा अधिकृतः** (१) नगरपालिका अन्तर्गत शिक्षा सम्बन्धी कार्यक्रम व्यवस्थापन र शैक्षिक प्रशासन सञ्चालन गर्न एक जना नगर शिक्षा अधिकृत रहनेछ । प्रचलित कानुन बमोजिम अन्यत्र लेखिएको अतिरिक्त नगर शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ ।

(क) नगरस्तरीय शिक्षा योजना, शिक्षा सम्बन्धी वार्षिक नीति, कार्यक्रम र बजेट तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने ।

(ख) नगरपालिकाको शैक्षिक विकास, पारित योजना, नीति, कार्यक्रम तथा वजेटको कार्यान्वयन गर्ने गराउने ।

(ग) विद्यालयको वार्षिक शैक्षिक कार्यक्रम तथा शैक्षिक निकायहरूको अनुगमन तथा सुपरीवेक्षण गर्ने ।

(घ) नगरपालिकालाई शैक्षिक विकासको लागि सुझाव तथा परामर्श दिने ।

(ङ) शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन गर्ने र सम्बन्धित निकायमा पठाउने ।

(च) सामुदायिक विद्यालयका शिक्षकहरूको तलबी प्रतिवेदन पास गराउने ।

(छ) विद्यालय शिक्षक तथा कर्मचारीहरूको बिदाको अभिलेख शैक्षिक सत्रको अन्त्यमा प्रमाणित गर्ने गराउने र विद्यालयमा अभिलेख राख्न लगाउने ।

(ज) विद्यालय नक्साङ्कनको कार्य गर्ने गराउने ।

(झ) नगर शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने ।

(ञ) शैक्षिक तथ्याङ्क संकलन विश्लेषण र प्रकाशन गर्ने गराउने ।

(ट) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन गर्ने गराउने ।

(ठ) सामुदायिक विद्यालयहरूमा प्राप्त भएका सबै कार्यक्रम बमोजिमका बजेट व्यवस्थापन एव कार्यान्वयनमा वित्तीय अनुशासन कायम राख्न अनुगमन तथा नियमन गर्ने ।

(ड) विद्यालयमा रहेका भौतिक पूर्वाधार, स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु भएको लगायत अन्य पक्षहरूको अनुगमन गर्ने ।

(ढ) शैक्षिक गुणस्तर बढाउन एव कक्षाकोठाभित्रको सहजीकरण कार्यलाई प्रभावकारी बनाउन आवश्यकताको आधारमा विषयगत समिति गठन गर्ने गराउने ।

(ण) आधारभूत तहको अन्त्यमा लिइने परीक्षाको व्यवस्थापन गर्ने, अभिलेखीकरण राख्ने, राख्न लगाउने, कक्षा ८ का विद्यार्थीहरूको मार्कलेजर र मार्कशिट प्रमाणित गर्ने, अन्य कक्षाका वार्षिक परीक्षा सञ्चालनका लागि सहयोग, समन्वय, अनुगमन र आवश्यक निर्देशन दिने ।

(त) विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय कर्मचारीलाई आवश्यक निर्देशन दिने ।

(थ) विद्यालयको शैक्षिक एवम् गुणस्तरीय सुधारमा प्रभावकारी योगदान गर्ने प्रअ, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई पुरस्कारको लागि प्रत्येक वर्ष नगर शिक्षा समितिमा सिफारिस गर्ने ।

(द) तोकिएका अन्य कार्य गर्ने ।

१२. **वडा शिक्षा समिति सम्बन्धी व्यवस्थाः** (१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति रहनेछ:

(क) सम्बन्धित वडाको अध्यक्ष - संयोजक

(ख) वडा समितिका सदस्यहरूमध्ये वडा समितिले तोकेको - सदस्य

(ग) वडाभित्रका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्ये-बाट वडा समितिले मानोनित गरेका एक जना - सदस्य

(घ) वडाभित्रका विद्यालयहरूका प्रधानाध्यापकमध्ये वडा समितिले मनोनित गरेको एक जना - सदस्य

(ङ) वडाभित्रका शिक्षाप्रेमीमध्ये वडा समितिले मनोनित गरेका एक जना महिला सहित दुई जना - सदस्य

(च) सम्बन्धित वडाको सचिव - सदस्य सचिव

**(२) वडा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:**

(क) आफ्नो वडाका विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि योजना तर्जुमा र समन्वय गर्ने ।

(ख) आफनो क्षेत्रभित्र सञ्चालित हुने विद्यालय तहको परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ग) अभिभावक र शिक्षकबीच विवाद भएमा समाधान गर्ने ।

(घ) नगर शिक्षा समितिले तोकेबमोजिम अन्य कार्य गर्ने ।

(ङ) वडा शिक्षा समितिले आफनो बैठक सञ्चालन र कार्यविधि आफैले निर्धारण गर्नेछ ।

(च) वडाभित्रका विद्यालयहरूको समग्र विकासका लागि आवश्यक बजेट तथा कार्यक्रम विनियोजन र तर्जुमा गर्ने ।

(छ) विद्यालयलाई आवश्यक पर्ने स्रोत र साधनको व्यवस्थापन गर्ने।

१३. **नगर शिक्षा समितिको बैठकः** (१) नगर शिक्षा समितिको बैठक सामान्यतया दुई महिनाको एकपटक बस्नेछ ।

(२) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउनेछ ।

(३) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. **परीक्षाको सञ्चालन तथा व्यवस्थापनः** (१) माध्यमिक शिक्षाको कक्षा १० (दश) र माध्यमिक तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन संघीय शिक्षा ऐन बमोजिम हुनेछ ।

(२) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा नगरपालिकाले सञ्चालन गर्नेछ ।

(३) आधारभूत तह उत्तीर्ण परीक्षा समिति: आधारभूत तह उत्तीर्ण परीक्षाको सञ्चालन तथा व्यवस्थापन र नतिजा विश्लेषण समेतको कार्य गर्न देहायबमोजिमको आधारभूत तह उत्तीर्ण परीक्षा समिति हुनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत लेकवेशी नगरपालिका - अध्यक्ष

(ख) नगर शिक्षा अधिकृत - सदस्य

(ग) नगरपालिकाभित्रका आधारभूत तथा माध्यमिक तहको सामुदायिक विद्यालयका शिक्षकहरूको प्रतिनिधित्व हुने गरी कम्तिमा एकजना महिलासहित शिक्षा युवा तथा खेलकुद शाखाको सिफारिसमा परीक्षा समितिबाट मनोनित गरेका तीन जना - सदस्य

(घ) नगरपालिकाभित्रका संस्थागत विद्यालयका शिक्षकहरूमध्येबाट शिक्षा युवा तथा खेलकुद शाखाको सिफारिसमा परीक्षा समितिबाट मनोनित गरेका एक जना - सदस्य

(ङ) शिक्षा अधिकृत वा अधिकृत स्तरको नभएमा शाखा प्रमुखबाट तोकिएको अन्य कर्मचारी- सदस्य सचिव

(४) समितिका मनोनित सदस्यहरूको पदावधि २(दुई) वर्षको हुनेछ।

(५) परीक्षा समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(६) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(७) आधारभूत तह उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ:

(क) परीक्षा सञ्चालन सम्बन्धी नीति, योजना निर्धारण गर्ने ।

(ख) नगरपालिकाले तोकेको न्यूनतम शैक्षिक स्तर कायम गरेका विद्यालयहरूलाई आफ्नो विद्यालयको परीक्षा आफै वा समुहगत रुपमा सञ्चालन गर्न अनुमति दिने ।

(ग) परीक्षा केन्द्र तोक्ने र केन्द्राध्यक्ष नियुक्ति गर्ने ।

(घ) प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका निर्माण, उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण गराउने ।

(ङ) विद्यालयहरूलाई समूहमा विभाजन गरी परीक्षा सञ्चालन गर्ने ।

(च) परीक्षाफल प्रकाशित गराउने र प्रमाण-पत्र दिने ।

(छ) परीक्षा शुल्क तथा परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने ।

(ज) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकता अनुसार परिक्षा बदर गरी पुन: परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने ।

(झ) दैवीप्रकोप, महामारी वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा पर्न गएमा तुरुन्तै आवश्यक निर्णय लिने ।

(ञ) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाले तोके बमोजिमको अन्य कार्य गर्ने ।

(ट) परीक्षा समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कुनै उपसमिति वा कार्य टोली वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१५. **नगर शिक्षा कोषः** (१) सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यार्थी शिक्षक कर्मचारी तथा अभिभावकहरूलाई प्रोत्साहन तथा क्षमता विकास कार्य गर्न तथा आधारभूत तह परीक्षा सञ्चालनमा सहयोग पुऱ्याउन नगरपालिकामा एक नगर शिक्षा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:

(क) नगरपालिकाबाट प्राप्त अनुदान ।

(ख) संस्थागत विद्यालयहरूबाट प्राप्त तोकिए बमोजिमको रकम ।

(ग) नगर शिक्षा समिति तथा परीक्षा समितिको निर्णय अनुसार प्राप्त हुने रकम ।

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन, व्यवस्थापन र परिचालन शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

१६. **विद्यालय व्यवस्थापन समितिः** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) अभिभावकहरूले आफूमध्येबाट छानी पठाएका दुई जना महिला सहित चार जना - सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको - सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर १० वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दशलाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका एक जना महिला सहित दुई जना - सदस्य

(घ) विद्यालयका शिक्षकहरूले आफूमध्येबाट छानी पठाएका एक जना - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका विद्यार्थीहरूका अभिभावक र समावेशी वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा एकजना सदस्य अपाङ्गता भएका विद्यार्थीका अभिभावक रहनछन् ।

(३) प्राविधिक र व्यवसायिक विषयमा अध्यापन गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उद्योग तथा वाणिज्य संघका २ (दुई) जना प्रतिनिधि सदस्य रहने छन् ।

(४) विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले उपदफा (१) खण्ड (क),(ख),(ग)बमोजिमका सदस्यहरूमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(५) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनोट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन् ।

(६) सम्बन्धित विद्यालय निरीक्षक, शाखा अधिकृत वा शिक्षा अधिकृतलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा भाग लिन आमन्त्रण गर्नुपर्नेछ ।

(७) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) विद्यालयका संस्थापक, लगानीकर्ता वा अभिभावकमध्येबाट विद्यालयको सिफारिसमा नगर शिक्षा समितिले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकले आफूमध्येबाट छानी पठाएका एकजना महिला सहित दुई जना - सदस्य

(ग) विद्यालय रहेको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको - सदस्य

(घ) सम्बन्धित विद्यालय निरीक्षक, शाखा अधिकृत वा शिक्षा अधिकृत - सदस्य

(ङ) विद्यालयका शिक्षकहरूले आफूमध्येबाट छानी पठाएका एक जना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक- सदस्य सचिव

(८) उपदफा (१), (४) र (७) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि ३ (तीन) वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफनो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै वखत पदबाट हटाउन सक्नेछ तर त्यसरी हटाउन अघि निजलाई आफनो सफाई पेश गर्ने मौकाबाट वन्चित गरिने छैन ।

(९) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने ।

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने ।

(ग) शिक्षक तथा कर्मचारीहरूलाई तालिमको लागि छनौट गर्ने ।

(घ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षा र सम्वर्द्धन गर्ने ।

(ङ) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्ति गर्ने । त्यसरी नियुक्त भएका शिक्षक तथा कर्मचारीहरूलाई नगरपालिकाले समान तहका शिक्षक तथा

कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाई तलब भत्ता दिने ।

(च) नेपाल सरकारबाट स्वीकृत भएको दरबन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पदपूर्तिको लागि सो पद रिक्त भएको मितिले १५(पन्ध्र) दिनभित्र विद्यालय व्यवस्थापन समितिको निर्णयसहित नगरपालिकामा लेखी पठाउने ।

(छ) विद्यालय शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्ने ।

(ज) कुनै शिक्षक वा कर्मचारी यस ऐन वा प्रचलित कानुन बमोजिम विद्यालय व्यवस्थापन समितिले कारबाही गर्न पाउने विषयमा विभागीय कारबाही गरी त्यसको जानकारी नगरपालिकालाई दिने तथा आफूलाई कारबाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि सिफारिस गर्नुपर्ने भएमा आवश्यकता अनुसार रायसहित प्रतिवेदन नगरपालिकामा पठाउने ।

(झ) विद्यालय सुधार योजना निर्माण गरी कार्यन्वयन गर्ने ।

(ञ) विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न आवश्यक शैक्षिक सामाग्रीहरूको व्यवस्था गर्ने ।

(ट) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने ।

(ठ) शिक्षक, विद्यार्थी तथा अभिभावकले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागू गर्ने ।

(ड) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अद्यावधिक गराइ राख्ने ।

(ढ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय-व्यय तथा

शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने ।

(ण) विद्यालयको लेखापरीक्षणका लागि प्रचलित कानुन बमोजिम दर्ता भएका लेखापरीक्षकहरूमध्ये कम्तीमा तीनजना लेखा परीक्षकको नाम नियुक्तिको लागि नगरपालिका समक्ष पेश गर्ने ।

(त) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने ।

(थ) विद्यार्थीलाई उपलब्ध गराएको छात्रवृत्ति रकम तोकिए बमोजिम उपलब्ध गराउने ।

(द) निरीक्षकले विद्यालयको छड्के जाँच गर्दा वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएको दिनको तलब कट्टी गर्ने ।

(ध) विद्यालय व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने ।

(न) नगरपालिकासँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रम सञ्चालन गर्ने ।

(प) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा नगरपालिकामा माग गर्ने ।

(फ) वार्षिक रुपमा विद्यालयका लागि आवश्यक मालसामान सामाग्रीको खरिद योजना स्वीकृत गर्ने ।

(ब) विद्यालयको विपद् जोखिमको अवस्था लेखाजोखा गरी प्रभाव न्युनीकरणका लागि कार्ययोजना निर्माण गरी सो बमोजिम कार्यान्वयन गर्ने ।

(भ) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने ।

(म) आफ्नै स्रोतबाट नियुक्ति हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारबाहीलाई व्यवस्थित गर्न कार्यविधि बनाई शाखा प्रमुखमार्फत नगरपालिकाबाट स्वीकृत गराई लागु गर्ने ।

(य) शिक्षक तथा कर्मचारीले आफ्नो पद अनुसारको आचरण पालना नगरेमा वा काम, कर्तव्य पूरा नगरेमा प्रचलित कानुन बमोजिम सचेत गराउने बढीमा दुई ग्रेड वृद्धि रोक्का गर्ने वा बढीमा दुई वर्षसम्म बढुवा रोक्का गर्न नगरपालिका समक्ष कारबाहीको लागि सिफारिस गर्ने तर यसरी विभागीय कारबाही अगाडि बढाउँदा सफाईको मौका दिनुपर्नेछ ।

(र) नगरपालिकाले दिएको निर्देशन अनुरुप काम गर्ने ।

(ल) विद्यालयको सामाजिक परीक्षण गराई सम्बन्धित निकायमा पेश गर्ने ।

(व) स्थायी नियुक्ति भई आउने शिक्षकलाई विद्यालयमा हाजिर गराउने ।

(श) तोकिएबमोजिम शिक्षक अभिभावक संघ गठन गर्ने ।

(ष) विद्यालयमा स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र प्रयोगको प्रभावकारिता जाँचबुझ गर्ने ।

(१०) संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयको शैक्षिक गुठीका गुठीयार वा कम्पनी सञ्चालकसँग समन्वय गरी विद्यालय सञ्चालन रेखदेख निरीक्षण र व्यवस्थापन गर्ने ।

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षा र सम्वर्द्धन गर्ने ।

(ग) विद्यार्थीहरूलाई परीक्षामा सामेल गराउने ।

(घ) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयहरूलाई सरिक गराउने ।

(ङ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय-व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको कार्यक्रमको सम्बन्धमा जानकारी गराउने ।

(च) विद्यालयको शिक्षक पदको दरबन्दी स्वीकृत गर्ने तथा रिक्त पदमा अस्थायी शिक्षक नियुक्ति गर्ने र विद्यालयको नियमावलीमा व्यवस्था गरी स्थायी पदपूर्तिको प्रक्रिया शुरु गर्ने ।

(छ) विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीलाई सामुदायिक विद्यालयका समान तहका शिक्षकले पाउने तलब भत्तामा नघटने गरी सुबिधा उपलब्ध गराउने ।

(ज) शिक्षक तथा कर्मचारीको कल्याणकोषको व्यवस्थागर्ने ।

(झ) खण्ड (ज) बमोजिमको कोषमा जम्मा भएको रकम सोही खण्डमा उल्लिखित काममा मात्र खर्च गर्ने ।

(ञ) आफनो आचरणअनुसार काम नगर्ने शिक्षक तथा कर्मचारीलाई विभागीय कारबाही गर्ने ।

(ट) विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानुन बमोजिम दर्ता भएका लेखापरीक्षकहरूमध्येबाट कम्तिमा तीन जना लेखापरीक्षकको नाम नियुक्तिको लागि नगरपालिका समक्ष पेश गर्ने ।

(ठ) विद्यार्थीहरूले पालन गर्नुपर्ने आचरसंहिता बनाई लागू गर्ने ।

(ड) नगरपालिकाको निर्देशन अनुसार तोकिए बमोजिम शैक्षिक तथ्याङ्कभरि नगरपालिकामा पेश गर्ने ।

(ढ) तोकिएबमोजिम शिक्षक अभिभावक संघ गठन गर्ने ।

(ण) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्ने ।

(त) नगरपालिकाले दिएका अन्य निर्देशनहरू पालन गर्ने ।

(११) विद्यालय व्यवस्थापन समितिले आफना अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिका सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(१२) विद्यालय व्यवस्थापन समितिको छनौट, योग्यता तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. **विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:** (१) देहायको अवस्थामा वा तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई नगर शिक्षा अधिकृतको सिफारिसमा नगर शिक्षा समितिले विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ ।

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा ।

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बलाएमा ।

(ग) नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाको नीति विपरित काम गरेमा ।

(घ) विद्यालयका व्यवस्थापन समितिले गरेको काम सन्तोषजनक नभएमा ।

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशन पालना नगरेमा । तर त्यसरी विघटन अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

१८. **विद्यालयको सम्पति:** (१) विद्यालयको नाममा रहेको चल अचल सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समितिको र पदीय दायित्व सम्बन्धित प्रधानाध्यापकको हुनेछ ।

(२) सामुदायिक विद्यालयको चलअचल सम्पत्ति सोही विद्यालयको नाममा हुनेछ । सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको वा समायोजन गरिएको सामुदायिक विद्यालयको चल अचल सम्पत्तिको व्यवस्थापन नगरपालिकाले गर्नेछ ।

(३) शैक्षिक गुठी तथा सहकारीको रुपमा सञ्चालित संस्थागत विद्यालयको चलअचल सम्पत्ति सोही विद्यालयको नाममा हुनेछ । त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र यो सम्पत्तिको स्वरुप नगरपालिकाको स्वीकृत बिना परिवर्तन हुने छैन ।

(४) कम्पनीको रुपमा सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति कम्पनीको नाममा रहनेछ ।

(५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघसंस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नुअघि नगर शिक्षा समितिको स्वीकृति लिनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम सम्पत्ति नगरपालिकाको स्वीकृति बेगर सट्टापट्टा र बेचविखन गर्न पाइनेछैन ।

(७) विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. **विद्यालयको वर्गीकरणः** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

२०. **शिक्षक अभिभावक संघः** सबै विद्यालयहरूमा शिक्षक र अभिभावकहरू रहेका एक शिक्षक अभिभावक संघ रहनेछ । यस सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. **निःशुल्क शिक्षा तथा शुल्क सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) कुनै संघसंस्था वा अभिभावकले आफनो स्वेच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार चन्दा वा सहयोग लिन सक्नेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा नि:शुल्क र अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क प्रदान गर्नको लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

(४) दृष्टीविहिन बालबालिकाहरूलाई ब्रेललिपी तथा बहिरा तथा स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूलाई साङ्केतिक भाषाको माध्यमबाट नि:शुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(५) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण तथा मर्मत गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउनेछैन ।

(६) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुन: सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि भर्ना शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले लिन पाउने तोकिए बमोजिमको शुल्क नगरपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । यसरी शुल्क निर्धारणको स्वीकृति दिदा विद्यालयले उपलब्ध गराएको सुबिधाको आधारमा दिइनेछ ।

(८) संस्थागत विद्यालयले लिन पाउने शुल्क तथा शुल्क निर्धारणका आधारहरू लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) कुनै विद्यालयले यस ऐन तथा अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्ड विपरीत कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्ता शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(१०) यस ऐन विपरित शुल्क लिने विद्यालयलाई नगरपालिकाले पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

२२. **विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति सम्बन्धी व्यवस्था:** (१) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाले सामुदायिक विद्यालयमा

भर्ना हुने विद्यार्थीहरूलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

(२) संस्थागत विद्यालयले प्रत्येक कक्षामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरूलाई क्रमश: शतप्रतिशत, पचास प्रतिशत तथा पच्चीस प्रतिशत शुल्क मिनाहा गरी जेहन्दार छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(३) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तिमा दश प्रतिशतमा नघट्ने गरी तोकिएबमोजिम विपन्न तथा गरिब, महिला, दलित, जनजाति, अपाङ्गता भएका र जेहन्दार विद्यार्थीहरूलाई नि:शुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(४) विद्यालयमा छात्रवृत्ति वितरणलाई व्यवस्थित गर्न तोकिए बमोजिमको छात्रवृत्ति वितरण समिति रहनेछ ।

(५) उपदफा (३) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्ने आधारहरू तथा प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२३. **बालबालिकाहरूलाई अनिवार्य रुपमा विद्यालय पठाउनु पर्नेः** (१) सबै अभिभावकले चार वर्ष पूरा भएका बालबालिकाहरूलाई प्रारम्भिक बाल शिक्षा र पाँच वर्ष पूरा भएका बालबालिकाहरूलाई आधारभूत शिक्षाका लागि अनिवार्य रुपमा विद्यालय पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आफनो क्षेत्रभित्रका बालबालिकाहरूलाई विद्यालय पठाए, नपठाएको सम्बन्धमा नगर शिक्षा समिति, सम्बन्धित वडाको अध्यक्ष, वडा समिति, विद्यालय निरीक्षक, शिक्षा अधिकृत तथा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ ।

(३) कुनै अभिभावकले उपदफा (१) बमोजिम बालबालिकाहरूलाई विद्यालयमा पठाएको नदेखिएमा त्यस्तो अभिभावकलाई सम्झाई, बुझाई विशेष सहयोग तथा प्रेरित गरी त्यस्ता बालबालिकाहरूलाई विद्यालयमा पठाउन लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्झाइबुझाई गर्दा समेत बालबालिका -हरूलाई विद्यालय नपठाउने अभिभावकहरूलाई नगरपालिकाबाट उपलब्ध गराउने सेवा सुबिधाबाट वन्चित गरिनेछ ।

(५) यस दफा बमोजिम विद्यालयमा भर्ना भएका विद्यार्थीलाई विद्यालयले नि:शुल्क अध्यापन गराउनु पर्नेछ ।

(६) विद्यालय जाने उमेर समूहका बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्न विद्यार्थी भर्ना अभियान तथा कार्यक्रम तर्जुमा गरी लागू गर्ने दायित्व नगर शिक्षा समितिको हुनेछ ।

२४. **विद्यालय खोल्न, कक्षा थप गर्न, नाम परिवर्तन गर्न, सार्न, गाभ्न, समायोजन गर्न, कक्षा वा तह घटाउन वा बन्द गर्न सक्नेः** (१) नगरपालिकाले तोकिए बमोजिमका र नगर शिक्षा समितिको सिफारिस लिई कुनै ठाउँमा विद्यालय खोल्न, कक्षा थप गरी सञ्चालन गर्ने अनुमति दिन, विद्यालयको नाम परिवर्तन गर्न, सञ्चालन भइरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा दुई वा सो भन्दा बढी विद्यालय गाभी एउटा विद्यालय कायम गर्न, एउटा विद्यालयलाई अर्को विद्यालयमा समायोजन गर्न, कुनै विद्यालयको तह वा कक्षा घटाउन वा बन्द गर्न सक्नेछ ।

(२) नगरपालिकाले दुई वा दुईभन्दा वा सोभन्दा बढी सामुदायिक विद्यालयहरूलाई एक आपसमा गाभी वा समायोजन गरी एकीकृत आवासीय विद्यालयको रुपमा सञ्चालन गर्न सक्नेछ ।

(३) विद्यालय खोल्ने, कक्षा थप गर्ने, नाम परिवर्तन गर्ने, सार्ने, गाभ्ने, समायोजन गर्ने, कक्षा वा तह घटाउने वा बन्द गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. **शिक्षकको सरुवा सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूको सरुवा सम्बन्धी व्यवस्था नेपाल सरकारको प्रचलित कानुन वा प्रदेश कानुन वा तोकिए बमोजिम हुनेछ ।

२६. **शिक्षक छनौट समितिः** सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न वा संस्थागत विद्यालयमा स्थायी शिक्षक नियुक्तिको लागि व्यवस्थापन गर्न देहाय बमोजिमको शिक्षक छनौट समिति गठन गरिनेछ ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - अध्यक्ष

(ख) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा शाखा अधिकृत वा शिक्षा अधिकृत वा सो नभए तोकिए बमोजिमको प्रतिनिधि - सदस्य

(ग) नगरपालिकाको सूचीमा सूचीकृत विषय विशेषज्ञहरूमध्ये दुई जना - सदस्य

(घ) प्रधानाध्यापक - सदस्य सचिव

२७. **करारमा शिक्षक, विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्थाः**(१) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा नेपाल सरकारको प्रचलित कानुन वा प्रदेश कानुन वा तोकिए बमोजिम हुनेछ । स्वयंसेवक शिक्षक व्यवस्थापनको हकमा स्वयंसेवक शिक्षक छनौट तथा व्यवस्थापन कार्यविधीमा उल्लेख भए बमोजिम हुनेछ । विद्यालय कर्मचारी नियुक्ति सम्वन्धमा प्रचलित कानुन एव कार्यविधि वमोजिम हुनेछ ।

२८. **प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** (१) विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ ।

(२) उपदफा (१) बमोजिम प्रधानाध्यापकको नियुक्ति गर्न विद्यालय व्यवस्थापन समितिले रिक्त प्रधानाध्यापक पदमा नियुक्तिको लागि आधारभुत तह कक्षा १-५ सञ्चालित विद्यालयको प्रधानाध्यापकको

हकमा शिक्षा शास्त्र विषयमा कम्तीमा प्रवीणता प्रमाण पत्र तह सा सो सरह, आधारभूत तह कक्षा ६-८ सञ्चालित विद्यालयको प्रधानाध्यापकको हकमा शिक्षा शास्त्र विषयमा कम्तीमा स्नातक वा सो सरह र माध्यमिक तहको हकमा शिक्षा शास्त्रको विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत न्यूनतम पाँच वर्ष स्थायी शिक्षकहरू मध्येबाट दरखास्त आह्वान गर्नेछ ।तर शिक्षा शास्त्र स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरी माध्यमिक तहमा दश वर्ष स्थायी सेवा गरेको शिक्षक माध्यमिक तहको प्रधानाध्यापक पदमा उम्मेदवार हुन पाउनेछ ।

(३) उपदफा (२) बमोजिम दरखास्त आह्वान भएमा सम्बन्धित शिक्षकले व्यवस्थापन समितिले तोकेको म्यादभित्र विद्यालय विकास प्रस्तावसहित व्यवस्थापन समिति समक्ष दरखास्त दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त विद्यालय विकास प्रस्ताव सहितको दरखास्त व्यवस्थापन समितिले शिक्षक छनौट समिति समक्ष पठाउनेछ ।

(५) उपदफा (४) बमोजिम विद्यालय विकास प्रस्ताव सहितको दरखास्त प्राप्त भएपछि शिक्षक छनौट समितिले तोकिए बमोजिमको आधारमा मूल्याङ्कन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रधानाध्यापकको पदमा सहभागी भएकामध्ये बढीमा तीन जनासम्म उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्ति गर्न व्यवस्थापन समिति समक्ष सिफारिस गर्नु पर्नेछ । प्रधानाध्यापकको पदमा एक जना मात्र शिक्षकको दरखास्त भएमा एक जना मात्र सिफारिस गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम छनौट भएका शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले तोकिएको आधारमा मूल्याङ्कन गरी आवश्यक कागजातसहित प्रधानाध्यापक पदमा नियुक्तिका लागि शिक्षक छनौट समितिबाट पेश भई आएकामध्येलाई तोकिएको आधारमा मूल्याङ्कन गरी सबैभन्दा बढी अंक प्राप्त गर्नेबढीमा दुई जनासम्मलाई शिक्षा युवा तथा खेलकुद शाखामा पठाउनु पर्नेछ । नगर शिक्षा अधिकृतले विद्यालय

विकास प्रस्तावको कार्यान्वयन गर्ने प्रतिवद्धतासहित तोकिएको आधारमा मूल्याङ्कन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने एक जना शिक्षकलाई कार्यसम्पादन करार सम्झौता गरी ५ वर्षका लागि प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ ।

(७) सामुदायिक विद्यालयमा प्रधानाध्यापक अनुपस्थित भएमा वा कुनै कारणले प्रधानाध्यापक पद रिक्त भएमा वा प्रधानाध्यापक उपस्थित नभएसम्म वा पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत वरिष्ठतम् शिक्षकलाई निमित्त प्रधानाध्यापक नियुक्त गर्नेछ ।

(८) प्रधानाध्यापकले आफूले गरेको कार्यसम्पादन करार सम्झौता बमोजिम काम नगरेमा वा निजको काम सन्तोषजनक नभएको वा निजको आचरण खराब रहेको कुरा सम्बन्धित विद्यालय निरीक्षक वा शाखा अधिकृत वा शिक्षा अधिकृतको प्रतिवेदन र व्यवस्थापन समितिको सिफारिसमा देखिएमा नगर शिक्षा समितिले निजलाई प्रधानाध्यापक पदबाट जुनसुकै वखत हटाउन सक्नेछ । यस दफा बमोजिम प्रधानाध्यापक पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट वन्चित गरिने छैन ।

(९) प्रधानाध्यापकको पदावधि पाँच वर्षको हुनेछ र निज पुनः सो पदमा नियुक्ति हुन सक्नेछ ।

(१०) नगरभित्र सञ्चालित विद्यालयहरूमा उपदफा (२) बमोजिम योग्यता पुगेको प्रधानाध्यापक हुने शिक्षक उपलब्ध नभएमा नगर शिक्षा समितिले योग्यता पुगेको शिक्षकलाई काज सरुवा गरी प्रधानाध्यापकको व्यवस्थापन गर्नेछ ।

(११) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक, प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

२९. **विद्यालय एवं प्रारम्भिक बाल शिक्षा केन्द्रलाई अनुदानः** (१) नगरपालिकाको सहयोगमा खोलिएका प्रारम्भिक बाल शिक्षा केन्द्रलाई तोकिए बमोजिम नगरपालिकाले अनुदान दिन सक्नेछ ।

(२) सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारीहरू एव बाल शिक्षकहरूलाई नगरपालिकाबाट तोकिए बमोजिम थप पारिश्रमिक दिन सकिनेछ ।

(३) नगरपालिकाले सामुदायिक विद्यालयहरूलाई देहायको आधारमा अनुदान बाँडफाँड गर्नेछ ।

(क) विद्यालयको विद्यार्थी संख्या ।
(ख) विद्यालयको शिक्षक संख्या ।
(ग) विद्यालयको सिकाई उपलब्धि ।
(घ) विद्यालयको आर्थिक अवस्था ।

(४) विद्यालयले प्राप्त गरेको रकम जुन कामका लागि खर्च गर्न निकासा भएको हो सोही शीर्षकमा विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार खर्च गर्नु पर्नेछ ।

(५) यस ऐन प्रारम्भ हुँदाका वखत सामुदायिक विद्यालयलाई दिदै आएको अनुदान रकम कटौति गरिने छैन । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा र विद्यालयको तह वा कक्षा घटेकोमा वा समायोजन भएकोमा त्यस्तो विद्यालयलाई दिदै आएको अनुदान रकममा कटौति गर्न कुनै बाधा पर्ने छैन ।

३०. **साझेदारीमा विद्यालय सञ्चालन गर्न सक्नेः** (१) नगरपालिकाले सामुदायिक विद्यालय र सार्वजनिक गुठीअन्तर्गत सञ्चालित विद्यालयहरू बीच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका विद्यालयको व्यवस्थापन समिति गठन काम, कर्तव्य र अधिकार साझेदारीका तरिका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३१. **सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सकिने:** (१) नगरपालिकाले सामुदायिक साक्षरता, निरन्तर सिकाइ, पुस्तकालय सञ्चालन तथा व्यवस्थापन, सूचनाको हकको कार्यान्वयन, जीवनोपयोगी सीपको प्रवर्द्धन, क्षमता विकास तथा सामाजिक जागरणका लागि तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(२) सामुदायिक सिकाई केन्द्र एक वडामा एउटाभन्दा बढी हुने छैन ।

(३) सामुदायिक सिकाइ केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) यस ऐन प्रारम्भ हुनुभन्दा पहिला नगरपालिकाबाट अनुमति लिई सञ्चालन भएका सिकाई केन्द्र यसै ऐनबमोजिम भएको मानिनेछ ।

३२. **निर्देशन दिन सक्ने:** (१) नगर कार्यपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र वडा शिक्षा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन पालना गर्नु नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

(३) नगर शिक्षा समितिले आफनो क्षेत्रभित्रका विद्यालय व्यवस्थापन समितिलाई र वडा शिक्षा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

३३. **अनुमति वा स्वीकृती रद्द गर्ने:** कुनै विद्यालयले यो ऐन यस अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड वा नगरपालिकाले दिएको निर्देशन विपरित काम गरेमा त्यस्तो विद्यालयहरूलाई प्रदान गरिएको अनुमति वा स्वीकृति नगरपालिकाले रद्द गर्नेछ ।

३४. **विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्ने:** (१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा सिकाई सहजीकरण गर्ने वातावरण सिर्जना तथा विद्यालयभित्र कुनै पनि किसिमका अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालयलाई सुरक्षित क्षेत्र कायम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३५. **बालबालिकाहरूलाई शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने:** (१) विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

३६. **लेकवेशी नगरपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्ने:** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरूमा आवश्यक पर्ने शिक्षकहरूको दरबन्दी निर्धारण गर्नेछ ।

(२) नगरपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्दा विद्यालयमा अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा राष्ट्रिय वा प्रादेशिक मापदण्ड वा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ ।

(३) दरबन्दी, राहत एवम् अन्य करार पदमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी शिक्षा युवा तथा खेलकुद शाखाले राख्नु पर्नेछ ।

(४) शिक्षक दरबन्दी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३७. **शिक्षकको बढुवा सम्बन्धी व्यवस्था:** (१) स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागु भएको संघीय कानून बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ति पाएका करार शिक्षकहरूको बढुवा हुने छैन ।

३८. **शिक्षक सेवा, शर्त, योग्यता र सक्षमता:** (१) शिक्षकको सेवा, शर्त, योग्यता र सक्षमता संघीय कानुन वा प्रादेशिक कानुन वा तोकिए बमोजिम हुनेछ ।

३९. **शिक्षकको पेशागत महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण एव अन्य व्यवस्था:** (१) सामुदायिक विद्यालयका

शिक्षकहरूको पेशागत हकहितको कार्य गर्न नगरक्षेत्रभित्र तोकिए बमोजिमको एक शिक्षक महासंघ रहनेछ ।

(२) शिक्षकहरू उच्च आर्दशले प्रेरित भई सिकाई सहजीकरण कार्यमा संलग्न हुनुपर्नेछ ।

(३) शिक्षक तथा कर्मचारीहरूको लागि आचारसंहिता तोकिनेछ । तोकिएका आचारसंहिताको पालना गर्नु शिक्षक तथा कर्मचारीहरूको कर्तव्य हुनेछ ।

(४) तोकिएका आचारसंहिताको पालना नगरेमा एवं देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछ:

(क) पदीय दायित्व पूरा नगरेमा ।

(ख) बिना सूचना लगातार १५ दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा ।

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा ।

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा ।

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारणी समितिको सदस्य रहेको पाइएमा ।

(यस खण्डको प्रयोजनको लागि कार्यकारणी समिति भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रीय स्तर, प्रदेश स्तर जिल्ला स्तर वा स्थानीय स्तरका कार्यकारिणी समितिलाई सम्झनु पर्छ)

४०. **कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः** (१) विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तर र जवाफदेही बनाउन कार्यसम्पादन करार सम्झौता देहायको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

(क) शैक्षिक सत्रको सुरुमा शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखले विद्यालयका प्रधानाध्यापकसँग तथा विद्यालय

व्यववस्थापन समितिको रोहवरमा प्रधानाध्यापकले आफ्ना मातहतका शिक्षकहरूसँग कार्यसम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

(ख) कार्यसम्पादन करार एक शैक्षिक सत्रको हुनेछ । कार्यसम्पादन सम्झौता बमोजिम काम भए, नभएको मूल्याङ्कन प्रतिवेदन शैक्षिक सत्र समाप्तपछि प्रधानाध्यापकले शाखा प्रमुख समक्ष र शाखा प्रमुखले नगर शिक्षा समिति समक्ष पेश गर्नुपर्नेछ ।

(ग) कार्यसम्पादन करारका सूचकहरू निर्धारण गर्ने काम नगर शिक्षा समितिको हुनेछ ।

४१. **कार्यसम्पादन मूल्याङ्कन सजाय र पुरस्कारः** (१) कार्यसम्पादन करार भएका शिक्षक तथा कर्मचारीहरूको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक, कर्मचारी तोकिए बमोजिम हुनेछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय तोकिएबमोजिम हुनेछ ।

४२. **शिक्षकलाई अन्य काममा लगाउन नहुनेः** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने विद्यालयको प्रशासनिक व्यवस्थापन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठनपाठनमा बाधा नपुग्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्धार वा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

४३. **तलब भत्ता नपाउने र सेवा सुबिधा गणना नहुनेः** नियमानुसार विदा वा काज स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षक वा कर्मचारीले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र त्यस्ता अवधि निजको सेवामा गणना हुनेछैन ।

४४. **स्थायी आवासीय अनुमति लिन नहुने:** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिनु हुदैन । यो दफा प्रारम्भ हुनभन्दा अघि कसैले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेका भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाको लागि अयोग्य गरी सेवाबाट वर्खास्त गरिनेछ । यसरी वर्खास्त हुने शिक्षकले संघीय शिक्षा ऐनमा उल्लेख भए अनुसारका सुविधा मात्र प्राप्त गर्नेछ ।

४५. **विद्यालय कर्मचारी सम्बन्धी व्यवस्था:** (१) विद्यालयमा रहने कर्मचारीको दरबन्दी, नियुक्ति प्रक्रिया र कर्मचारीले पाउने सुविधा नेपाल सरकारको प्रचलित कानुन वा प्रादेशिक कानुन वा तोकिए बमोजिम हुनेछ ।

४६. **शिक्षक विद्यार्थीको अनुपात, दरबन्दी मिलान र थप शिक्षक सहायता:** (१) शिक्षक विद्यार्थीको अनुपातमा दरबन्दी मिलान र थप शिक्षक सहायता तोकिए बमोजिम हुनेछ ।

(२) दरबन्दी मिलान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । तत्काल दरबन्दी मिलान गर्नु पर्ने भएमा नगर शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४७. **ट्युशन,कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा सञ्चालन सम्बन्धी व्यवस्था:** (१) ट्युसन, कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोर्ष,पूर्व तयारी कक्षा लगायतका सेवा सञ्चालन गर्न नगर शिक्षा अधिकृतबाट पूर्व अनुमति लिनु पर्नेछ । विद्यालयका शिक्षकहरूले आफुले शिक्षण गर्ने विषयको अतिरिक्त समय शिक्षण गरेवापत सोही कक्षाका विद्यार्थीहरूबाट कुनै प्रकारको अतिरिक्त सुविधा वा ट्युसन तथा कोचिङ शुल्क लिन पाउनेछैनन् ।

(२) ट्युसन, कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोर्ष,पूर्व तयारी कक्षा लगायतका सेवा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४८. **विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारणः** (१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेरावार, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्रछात्राका लागि अलग अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनुपर्नेछ ।

(२) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(३) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनुपर्ने छ ।

(४) सबै माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला, पुस्तकालय, आईसिटि कनेक्टिभिटि तथा शैक्षिक सामाग्रीको व्यवस्थापन अनिवार्य गर्नुपर्नेछ ।

४९. **परीक्षा सञ्चालन तथा गुणस्तर मापनः** (१) नगरपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरूमा कक्षा ३, ५ र ८ को गुणस्तर मापनको जिम्मा नगरपालिकाको हुनेछ ।

(२) गुणस्तर मापनको प्रकृया तोकिए बमोजिम हुनेछ ।

(३) आधारभूत तह कक्षा ८ को अन्तमा हुने परीक्षा सञ्चालन नगरपालिकाले गर्नेछ ।

(४) कक्षा ८ बाहेकको कक्षाहरूको परीक्षा सम्बन्धी व्यवस्था विद्यालयहरू तोकिए अनुसारको मापदण्डमा आफै निर्धारण गरे बमोजिम हुनेछ ।

(५) विद्यालयहरूले त्रैमासिक, अर्धवार्षिक र वार्षिक गरि तीन पटक परीक्षा सञ्चालन गर्नु पर्नेछ ।

५०. **विद्यालयको बजेट तयार गर्नेः** (१) प्रधानाध्यापकले प्रत्येक वर्षको चैत्र मसान्त भित्र आगामी वर्षको वजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति वडा समिति र एक प्रति नगर शिक्षा शाखामा पठाउनु पर्नेछ ।

५१. **विद्यालय कोषको लेखा व्यवस्थापनः** (१) सबै विद्यालयहरूले प्रचलित कानून अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्नेछ ।

(२) नियमित कारोवारको लेखा राख्न बेग्लै व्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ ।

५२. **सामुदायिक विद्यालयको खाता सञ्चालनः** (१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ ।

(२) विद्यालय कोषको सञ्चालन विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा सो समितिले तोकेको व्यवस्थापन समितिको सदस्य र प्रधानाध्यापकको सयुंक्त दस्तखतबाट हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि आधारभूत विद्यालय (६-८) र माध्यमिक विद्यालयय कोषको सञ्चालन लेखापाल वा लेखा सम्बन्धी काम गर्ने शिक्षक वा कर्मचारीको सयुंक्त दस्तखतबाट गरिनेछ ।

(४) विद्यालय कोषको हिसाब किताब राख्ने काम प्रधानाध्यापक र लेखा सम्बन्धी काम गर्ने कर्मचारीको वा शिक्षकको हुनेछ ।

(५) अन्य विषय तोकिएबमोजिम हुनेछ ।

५३. **लेखापरीक्षण तथा सामाजिक परीक्षणः** (१) सबै विद्यालयहरूले आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र सामाजिक परीक्षण गरी विद्यालयको शैक्षिक उपलब्धि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सार्वजनिक तथा अनुमोदन गर्नुपर्नेछ ।

(२) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजासहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेश गरी पृष्ठपोषण दिनुपर्नेछ ।

(३) सबै विद्यालयहरूले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिकभित्र विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएका कम्तिमा तीन जना लेखापरीक्षकमध्ये नगर शिक्षा अधिकृतबाट तोकिएकोएक जना रजिष्ट्रार लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

(४) लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समाप्त भएको १५ दिनभित्र विद्यालयहरूले नगर शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

५४. **विद्यालयका शिक्षकहरू एव कर्मचारीहरूको बिदाः** (१) सामुदायिक विद्यालयहरूका शिक्षकहरू एवं विद्यालय कर्मचारीहरूको बिदा संघीय कानुन वा प्रदेश कानुन वा तोकिए बमोजिम हुनेछ ।

५५. **पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर प्रचलित कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

५६. **दण्ड र सजायः** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकार वा न्यायिक समितिले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानुनले तोके बमोजिम सजाय हुनेछ ।

(क) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ख) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको पूर्व स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(ग) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(घ) परीक्षाको मर्यादा भंग हुने अन्य कुनै कार्य गरेमा,

(ङ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(च) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) विद्यालयको शिक्षक वा कर्मचारी उपर अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखि निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम सजाय गरिनेछ ।

५७. **नियम बनाउने अधिकारी:** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न यस ऐनको अधिनमा रही कार्यपालिकाले देहायका विषयका अतिरिक्त आवश्यक अन्य विषयमा पनि नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ,

(क) विद्यार्थीलाई लाग्ने शुल्क निर्धारणका सम्बन्धमा ।
(ख) विद्यालयको छात्रवृत्ति ।
(ग) विद्यालयलाई दिइने अनुदान ।
(घ) प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन र व्यवस्थापन ।
(ङ) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण तथा मूल्याङ्कन ।
(च) विद्यार्थी शिक्षक अनुपात तथा दरबन्दी मिलान ।
(छ) विद्यालय नक्साङ्कन र समायोजन ।
(ज) प्रति विद्यार्थी लागतका आधारमा शिक्षक सहयोग ।
(झ) माध्यमिक तहको कक्षा एघार र बाह्रमा शिक्षक व्यवस्थापन ।
(ञ) प्रारम्भिक बाल शिक्षा केन्द्र व्यवस्थापन ।
(ट) विद्यालयको सह तथा अतिरिक्त क्रियाकलाप र कार्यक्रम ।
(ठ) विद्यालयको सम्पत्तिको सुरक्षा ।
(ड) विद्यालयको नामाकरण ।
(ढ) विद्यालयमा छात्रबास सञ्चालन सम्बन्धी व्यवस्था ।
(ण) विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामाग्री ।
(त) विशेष शिक्षा तथा समावेशी शिक्षा ।
(थ) अनौपचारिक तथा निरन्तर शिक्षा ।
(द) दुर तथा खुला शिक्षा ।

(ध) नगर शिक्षा कोष ।

(न) विद्यालयको कोष

(प) विद्यालयको पुस्तकालय र वाचनालय ।

(फ) टयुसन, कोचिङ, शैक्षिक परामर्श, भाषा शिक्षण जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा ।

(व) शिक्षक तथा विद्यार्थीको आचारसंहिता ।

(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा ।

(म) शिक्षक तथा विद्यालय व्यवस्थापन तालिम ।

(य) प्रधानाध्यापक नियुक्तिको लागि आवश्यक योग्यता काम, कर्तव्य, अधिकार र सुविधा ।

(र) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना ।

(ल) विद्यालयको परीक्षा ।

(व) स्थानीय तथा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन सम्बन्धी व्यवस्था ।

(श) अभिभावक शिक्षा ।

५८. **बाधा अड्काउ हटाउने अधिकारः** यस ऐनको कार्यान्वयनमा बाधा अडकाउ परेमा कार्यपालिकाले आवश्यक आदेश जारी गर्नेछ ।

५९. **बचाउ र लागू नहुनेः** (१) यस ऐन अन्तर्गत बनेका दफामा लेखिएका कुराहरू यसैबमोजिम र यसमा नलेखिएका कुराहरू प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

(२) यस ऐन वा अन्तर्गत उल्लेखित कुनै विषय संघीय कानुन वा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले

कृष्णप्रसाद खरेल

प्रमुख प्रशासकीय अधिकृत

*प्रमाणीकरण मिति : २०७८/०३/२९*